पृष्ठ १ बाट क्रमश:

महरालाई...

बेल्जियन नागरिक दावा ६० किलो सुन तस्करी प्रकरणको पनि मुख्य अभियुक्त हुन् । भेपमार्फत भएको सुन तस्करी प्रकरण सतहमा आएपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भन्सारबाट जाँचपास भइसकेको अवस्थामा ६० किलो बढी सुन बरामद भएको थियो । मोटरसाइकलको ब्रेक प्याडका रूपमा भित्रिएको सुन तस्करीमा पनि दावाको मुख्य भूमिका रहेको अनुसन्धानबाट खुलेको थियो ।

दुबईबाट १० पुस २०७९ मा चिनियाँ तस्करले भेपमा लुकाएर ल्याएको सुन विमानस्थल भन्सार कार्यालयले नियन्त्रणमा लिएको थियो । शंकास्पद रूपमा भेप ल्याएको पाइएपछि नियन्त्रणमा लिएर सामान गोदाममा सिल गरेर राखिएको थियो । तर, त्यही सिल गरेकै अवस्थामा भेप चोरी भएको थियो । त्यसको अनुसन्धान गर्ने क्रममा भेपमा सुन आएको पाइएको थियो ।

भेपमार्फत भएको सुन तस्करी प्रकरणमा नेकपा माओवादी केन्द्रका उपाध्यक्ष एवं पूर्वसभामुख कृष्णबहादुर महरा र उनका छोरा राहुल महराको संलग्नताको पनि 'प्रमाण' देखिएको विषय सार्वजनिक भएको थियो । तर, सरकारी वकिलले पूर्वसभामुख महराविरुद्ध मुद्दा चलाएन ।

सीआईबीको अनुसन्धानमा दावाकै योजनामा सुन आयात भएको देखिएपछि उनलाई मुख्य अभियुक्त करार गरिएको हो । दावाले भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१) बमोजिमको कसुर गरेको अभियोगपत्रमा दाबी गरिएको छ । दफा ५७ को (१) मा कसैले कुनै मालवस्तु चोरी निकासी वा चोरी पैठारी गरेमा वा गर्न प्रयत्न गरेमा वा खास बाटोबाट मात्र निकासी वा पैठारी गर्न पाउनेगरी दफा ३ बमोजिमको बाटो तोकिएकामा सो बाटोबाट बाहेक अन्यत्रबाट निकासी पैठारी गरेमा वा गर्न प्रयत्न गरेमा मालवस्तु जफत गरी कारबाही गर्न सकिने उल्लेख छ । जसअनुसार ९ किलो सुनको बिगो ५ करोड रुपैयाँभन्दा बढी भएकाले ५ वर्षसम्म कैद हुनुपर्ने मागदाबी गरिएको छ ।

राहुलसहित तीन जनाको हकमा भने उल्लिखित दफा ५१ को (१) अनुसारको कसुर गर्न सहयोग गरेको उल्लेख गर्दै मुद्दा दर्ता गरिएको छ । राहुलसहित तीन जना प्रतिवादीको हकमा भनिएको छ, 'भन्सार ऐनको दफा ५७ (१) बमोजिमको कसुर कार्य गर्नका लागि सोही ऐनको दफा ५७ को उपदफा (३) बमोजिमको कसुर गरेको पाइयो ।' भन्सार ऐनको दफा ५७ को उपदफा ३ मा 'दफा ५७ को (१) बमोजिमको कसुर गर्न मद्दत गर्ने वा दुरुत्साहन दिने व्यक्तिलाई भन्सार तथा अदालतले कसुरदारलाई सरह सजाय गर्नसक्नेछ' भन्ने व्यवस्था गरिएको छ । राहुलसहित तीन जनालाई मतियार तथा सहयोगीका रूपमा करार गरिए पनि अदालतले मुख्य कसुरदारलाई सरह सजाय गर्नसक्ने बाटो भने खुला छ ।

योसँगै चारै जना प्रतिवादीलाई संगठित अपराधको दफा ९ को खण्ड (क) बमोजिमको थप सजाय पनि मागदाबी गरिएको छ । जसअनुसार मुख्य मुद्दा अर्थात् मुख्य अभियुक्त र मतियारका रूपमा उनीहरूलाई जति सजाय हुन्छ, त्यसको आधा सजाय हुनसक्ने व्यवस्था छ ।

त्यसैगरी, दावाको हकमा भने मुलुकी फौजदारी अपराध संहिताको कसुर पनि आकर्षित गरिएको छ । दावाले सो संहिताको दफा १५२ को (१) मा उल्लेख भएको 'आपराधिक विश्वासघात गर्न वा गराउन नहुने' व्यवस्थाविपरीतको कसुर गरेको दाबी गरिएको छ । यस्तो कसुर गर्ने व्यक्तिलाई ३ वर्षसम्म कैद वा ३० हजार रुपैयाँसम्म जरिमाना वा दुवै सजाय हुनसक्ने व्यवस्था छ ।

अभियोगपत्रमा उल्लेख गरिएको कसुरअनुसार मुख्य अभियुक्त दावाविरुद्ध सबै गरेर १० वर्ष ६ महिना कैद सजाय मागदाबी भएको छ ।

यस्तै, अन्य तीन जना अभियुक्त राहुल महरा, दावाका गाडीचालक पौडेल र नीमा गुरुङविरुद्ध अधिकतम ७ वर्ष ६ महिना कैद सजाय मागदाबी भएको छ ।

यस प्रकरणमा यसअघि नै सीआईबीले विमानस्थल भन्सारका नायब सुब्बा २७ वर्षीय रेवन्त खड्का, सिन्धुपाल्चोकको सुनकोशी गाउँपालिका-६ घर भएका ३२ वर्षीय भन्सार एजेन्ट दिनेश बस्नेत, सुनसरीको धरान उपमहानगरपालिका-२ घर भई काठमाडौंको नयाँसडकमा घडी पसल सञ्चालन गर्दै आएका वेदप्रकाश अग्रवाल, भारतको महाराष्ट्रका ३९ वर्षीय व्यापारी साहेब राव पान्डुरङ मरगले, सिन्धुपाल्चोककै सुनकोशी-६ का ३२ वर्षीय अमृत कार्की, पोखरा महानगरपालिका-४ का २२ वर्षीय पूर्वसुरक्षागार्ड निर्मलकुमार विकलाई पक्राउ गरेर मुद्दा दायर गरेको थियो । उनीहरू पुर्पक्षका लागि अहिले कारागारमा छन् ।

एउटै प्रकरणमा...

जबकि, बाबु-छोराकै नाम सो सुन तस्करी प्रकरणमा सुन छुटाउन पटकपटक कल भएको देखिन्छ । राहुललाई प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले गत १३ भदौमा पक्राउ गरेको थियो । पूर्वसभामुख महरासँग गत १५ असोजमा सीआईबीले कार्यालयमा बोलाएर बयान कागज गराएको थियो । महरालाई छोड्नुको कारणबारे सीआईबीले तथ्य प्रमाण नपुगेको भन्दै मुद्दा चलाउनु नपर्ने राय दिएको थियो ।

पूर्वसभामुख महराले दुबईबाट ली हासडले सुटकेसभित्र ल्याएका भेप भन्सारमा जफत भएपछि दावाजिनले छुटाउन आग्रह गरेको स्वीकार गरिसकेका छन् । 'सामान भन्सारमा रोकिएको तीन दिन भयो, के भएको हो बुझिदिनुपर्ने भयो भनी मलाई भनेको तथा मैले भन्सारमा के कसो भएको हो, कानुनबमोजिम के गर्न मिल्छ हेरिदिनुहोला भनी फोन गरेको हो,' महराको बयान कागजमा उल्लेख छ, 'दावाजिन वाङसँग मेरो पुरानो चिनजान हो, उनलाई म फलफूल व्यापारीका रूपमा चिन्छु, यसबाहेक निजसँग मेरो अन्य कुनै विषयमा कुराकानी हुने र अन्य कुनै किसिमको सम्बन्ध पनि छैन ।'

अलमलिएको...

व्यक्तिगत रूपमा यो पक्तिकार कथित असंलग्नता भन्ने ढुलमुले नीतिमा विश्वास गर्दैन । तर, प्रश्न व्यक्तिको सोचको होइन, राष्ट्रको नीतिको हो । तर, त्यसपछि १० नेपालीको निधनको पुष्टि भइसकेपछि भने नेपालको आतंकीप्रतिको आक्रामकतामा शिथिलता देखियो । अब आतंकी शब्दको बन्द भएको मात्र होइन, हमास शब्दको उच्चारण गर्न समेतबाट बच्यो । अबचाहिँ उही 'असंलग्नता'को सुवास फैलिएको भान हुन थाल्यो ।

व्यावहारिक रूपमा सोच्ने हो भने अहिले हमासका विरुद्ध जानु तुलनात्मक रूपमा कम जोखिमपूर्ण अवस्था हो । के मुलुकको परराष्ट्र नीति यसरी दुई-दुई दिनमा विपरीत कोणमा घुम्छ ? गल्ती भएको हो भने कुन चाहिँ गलत हो ? जवाफ पाउने सम्भावना कम छ ।

पहिलो वक्तव्य त्यस रूपमा कसरी आयो ? हामी अन्दाज मात्र गर्न सक्छौं ! कैयन नेपालीको मृत्यु भएको अनौपचारिक जानकारी आइसकेको थियो । स्वभावैले 'भावुक' प्रधानमन्त्रीलाई भावनाको ज्वारभाटाले छोप्नु नितान्त स्वाभाविक थियो । त्यसमाथि दक्षिणका मित्र मोदीले हमासको आक्रमणलाई आतंककारी काम भन्दै बलियो रूपमा इजरायलका पक्षमा उभिने घोषणा गरिसकेका थिए । हालै मात्र तस्बिर खिचाएका बाइडेनले आफू स्पष्ट रूपमा इजरायलको पक्षमा रहेको बताइसकेका थिए । पुष्पकमल दाहालको अवचेतन मनमा सत्तामा टिकिरहन इन्डो-अमेरिकन लबीको समर्थन अनिवार्य पूर्वसर्त हो भन्ने छँदै थियो । मुलुकको परराष्ट्र मामिलाको जिम्मेवारी पाएका परराष्ट्रमन्त्री त 'शून्यमा शून्यसरी बिलाएँ' अवस्थामै छन् । परिणाम थियो- हमासलाई आतंकी किटिएको पहिलो वक्तव्य र प्रधानमन्त्रीको भावुक ट्वीट ।

दुई दिन बित्दा नबित्दै बाग्मतीमा धेरै पानी बगिसकेको थियो । कैयन् वाम-उदार कूटनीतिका ज्ञाताको संकेत पनि पक्कै आयो । अझ बढी सम्भावना त आफ्ना आराध्य माओको मुलुक सर्वोच्च चर्चबाट 'सहानुभूतिपूर्ण चेतावनी' पनि आयो होला । राष्ट्रवादी सल्लाहकारहरूबाट असंलग्नताको दुहाई पनि निश्चित रूपमा दिइयो होला । अझ महान् धर्मनिरपेक्ष पुष्पकमल दाहाललाई अनायासै इस्लाम प्रेम जागेको पनि हुनसक्छ । भन्न त प्रतिपक्षी एमालेको 'संयमता' अपनाउने सल्लाहले काम गर्‍यो भन्छन् ! तर, यो पक्तिकारलाई यस कुरामा त्यति वजन भएजस्तो लाग्दैन । प्रधाननन्त्रीको होश फिर्नुको पछाडि एमाले त्यति कारक होइन ।

अब प्रश्न उठ्छ- कुन तरिका ठीक हो ? अघिल्लो कि पछिल्लो ? एउटा कटु यथार्थ के भने अबको विश्वमा प्रत्येक राष्ट्र र मानव समाजले एउटा ध्रुव नसमाती सुख छैन । 'भाइ पनि होइन बहिनी पनि होइन' पाराले अब निर्वाह हुने अवस्था छैन । यही मुद्दामा पनि इजरायल वा हमासमध्ये एउटालाई चुन्नैपर्ने बाध्यता छ । आज टालटुल गरे पनि एक दिन आफ्नो स्पष्ट अडान व्यक्त गर्नैपर्ने अवस्था आउँछ । यसो भन्दैगर्दा कुनै सैन्य गठबन्धनसँग गाँसिनुपर्छ भन्ने चाहिँ होइन । हाम्रोजस्तो मुलुक सैन्य गठजोडमा प्रत्यक्ष रूपमा जोडिन पनि सक्दैन । इजरायल र हमासबीचको मुद्दामा एउटा इरानबाहेक अरू कोही पनि हमासको समर्थनमा उत्रेका छैनन् । चीन, रूस अनि साउदी अरब र यूएईजस्ता इस्लामिक मुलुकहरूले 'प्यालेस्टाइनी जनताको स्वतन्त्रताको हक'को वकालतचाहिँ गरेका छन् । तर, के हमासले प्यालेस्टाइनी जनतालाई प्रतिनिधित्व गर्छ ? यदि, गर्छ नै भने पनि उसको आतंककारी व्यवहारको समर्थन गर्न सकिन्छ ? स्वयं महम्मद अब्बासको नेतृत्वमा रहेको प्यालेस्टाइन अथोरिटीले हमासको कार्यविधिलाई खुलेर अपनत्व जनाउन सकेको छ र ?

यो मुद्दा ढिलो या चाँडो लोकतान्त्रिक र अलोकतान्त्रिक विश्व अनि कट्टरपन्थी इस्लाम र उदारवादी विश्वका बीच ध्रुवीकृत हुने पक्कापक्की नै छ । वास्तवमा यो प्रक्रिया सुरू भइसकेको छ । यसक्रममा नेपालले पनि आफूलाई एउटा कित्तामा उभ्याउनैपर्ने हुन्छ । कुन कित्ता छान्ने, त्यो हाम्रो निर्णयको विषय हो । अनिर्णीत वा 'दहिच्युरे' नीतिले चाहिँ अब काम गर्दैन ।

परराष्ट्र नीति भन्ने विषय कसैको व्यक्तिगत वा पार्टीगत चाहना अथवा निष्ठाद्वारा निर्देशित हुनुहुँदैन । आफ्नो कुरा गर्ने हो भने म अलोकतान्त्रिक वा कट्टर इस्लामको पक्षमा जोडिनै सक्दिनँ । त्यो मेरो व्यक्तिगत झुकाव, निष्ठा वा विश्वास हो । तर, मुलुकको परराष्ट्र नीति यसबाट सञ्चालित हुनुहुन्न । परराष्ट्र नीति त मुलुकको हितकेन्द्रित हुनुपर्छ । मुलुकको समग्र हित यदि अलोकतान्त्रिक धुरीसँग जोडिनुमा छ भने त्यो पनि ठीक छ । यो बेग्लै कुरो हो कि अलोकतान्त्रिक सिद्धान्त, व्यवहार वा संगतले दूरगामी रूपमा मुलुकको हित गर्दैन भन्ने कुरामा म आफूचाहिँ अडिग छु ।

प्रधानमन्त्री वा उनको पार्टीको बेमौसमको भावना अथवा पुरानो सम्बन्धजस्ता कुरा परराष्ट्र नीतिको जग वा खम्बा बन्न सक्दैन । उनीहरूको व्यक्तिगत, पार्टीगत निष्ठा पनि परराष्ट्र सम्बन्धको आधार बन्न सक्दैन । चेगुए भारा, यासेर अराफात, माओ जे दुङ, महात्मा गान्धी अथवा महेन्द्र पनि कसैको आदर्श हुन सक्छन् । तर, यी व्यक्तित्वसँगको निष्ठागत सम्बन्ध आफैमा मुलुकको परराष्ट्र सम्बन्ध निर्धारण गर्ने नीतिको सूत्र बन्नुहुँदैन । कुन पक्ष लिने निर्णय गर्ने काम समग्र नेपालको हो । मुलुकका शासकहरूले सोचून् ।

उद्धार आजबाटै...

प्रवक्ता लम्सालका अनुसार, नेपाल फर्कन चाहनेहरूलाई ल्याउन बुधबार राति नै परराष्ट्रमन्त्री एनपी साउदको नेतृत्वमा त्यसतर्फ जाने नेपाल एयरलाइन्सको वाइडबडी विमानमा आउन इच्छुक नेपालीहरूका लागि त्यहाँस्थित नेपाली दूतावासले सहजीकरण गर्ने पनि बताइन् ।

'२ सय ८८ जनाभन्दा बढीले नेपाल फर्कन चाहनुभएको छ, नेपाल फर्कन चाहनुहुनेहरूका लागि नेपाल एयरलाइन्सको २ सय ५० सिट क्षमता भएको वाइडबडी विमान बुधबार राति नै इजरायल प्रस्थान गर्दै छ, इजरायलबाट नियमित वायुसेवा पनि चलिरहेकाले फर्कन इच्छुक नेपालीहरूलाई नेपाली दूतावासले सहजीकरण गर्ने व्यहोरा पनि म यहाँहरूलाई अवगत गराउन चाहन्छु,' विमान त्यसतर्फ जानुअघि आयोजित पत्रकार सम्मेलनमा प्रवक्ता लम्सालले भनिन् ।

उता, इजरायलबाट व्यावसायिक उडानमार्फत फर्किन चाहने नेपालीको हवाई टिकट सरकारले बेहोर्ने भएको छ । सरकारले चार्टर्ड उडानमार्फत इजरायलमा रहेका विद्यार्थीको उद्धार गर्दै छ । सोही आधारमा कोही व्यावसायिक उडानमार्फत आउन खोजेमा त्यसका लागि लाग्ने हवाई टिकट सरकारले बेहोर्ने भएको हो ।

बुधबार मन्त्रिपरिषद् बैठकले व्यावसायिक उडानमार्फत आउन चाहने नेपालीको हवाई टिकट सरकारले बेहोर्ने निर्णय गरेको कानुनमन्त्री धनराज गुरुङले बताए ।

मलेसियामा कम्पनी...

हाल नेपाली कामदार नेपालबाट आउँदा चर्को रकम तिरेर आएको भन्ने गुनासो रहेको भन्दै उनले नेपाल र मलेसियाबीच भएको श्रम समझदारीअनुसार 'फ्री भिसा फ्री टिकट' मा यहाँ आउने प्रावधान रहेकाले नेपालमा म्यानपावर वा एजेन्टलाई रकम नदिन पनि उनले आग्रह गरे ।

केही महिना अघि मात्र विभिन्न दलालले युरोप पठाउने बहानामा फिलिपिन्समा अलपत्र पारिएका ६९ नेपालीलाई उद्धार गरी दूतावासले नेपाल पठाएको उनले बताए । मलेसिया, इन्डोनेसिया हुँदै अस्ट्रेलिया पुगेका चार नेपालीलाई पनि त्यहाँको एमिग्रेसनले नियन्त्रणमा लिएको उनले बताए ।

मलेसियामा दलालहरू सक्रिय रहेकाले नेपालदेखि व्यक्तिगत प्रयोजनबाहेक भिजिट भिजामा नआउन र यहाँबाट अन्य कुनै पनि तेस्रो मुलुक जान सक्ने अवस्था नरहेकाले कुनै पनि दलालले मलेसियाबाट युरोप, अमेरिकालगायतका देशमा पठाइदिन्छु भन्दै भ्रम फैलाउने काम गरिरहेकाले सचेत हुन पनि उनले अनुरोध गरेका छन् । हाल मलेसियामा विभिन्न क्षेत्रमा गरी करिब ४ लाखको हाराहारीमा नेपालीहरू कार्यरत छन् ।

अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म/कम्पनीले (इन्डिया) बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य निम्नबमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल

सि.नं	मालवस्तुको विवरण	आकार/ प्रकार	ब्राण्ड	मोडेल	क्षमता	उत्पत्तिको मूलुक राष्ट्र	ईकाई	प्रति ईकाई मूल्य	अधिकतम खुद्रा विक्री मूल्य MRP	कैफियत
1	REFRIGERATOR	SINGLE DOOR	CG	CGS190DG01	175 Ltr	INDIA	SET	NPR	28,690/-	
2	REFRIGERATOR	SINGLE DOOR	CG	CGS205DG01	190 Ltr	INDIA	SET	NPR	31,790/-	

विक्रेता फर्मको नाम: सि.जी ईम्पेक्स प्रा.लि.
ठेगाना: चौधरी हाउस, सानेपा, ललितपुर

स्थायी लेखा नं.: ३०१६०९०३६
फोन नं.: ५५२५०३९/०४१

अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म/कम्पनीले (इन्डिया) बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य निम्नबमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल

सि.नं	मालवस्तुको विवरण	आकार/ प्रकार	ब्राण्ड	मोडेल	क्षमता	उत्पत्तिको मूलुक राष्ट्र	ईकाई	प्रति ईकाई मूल्य	अधिकतम खुद्रा विक्री मूल्य MRP	कैफियत
1	REFRIGERATOR	DOUBLE DOOR	BEKO	RDNE270DSE	250 Ltr	INDIA	SET	NPR	59,890/-	
2	REFRIGERATOR	DOUBLE DOOR	BEKO	RDNE270DWBM	250 Ltr	INDIA	SET	NPR	65,290/-	

विक्रेता फर्मको नाम: ईओ.एल. प्रा.लि.
ठेगाना: चौधरी हाउस, सानेपा, ललितपुर

स्थायी लेखा नं.: ३०३६६८८४४
फोन नं.: ५५२५०३९/०४१

• GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL •

तपसिलका ऋणीलाई कर्जा चुक्ता गर्न आउने सम्बन्धी ३५(पैतिस) दिनको अत्यन्त जरुरी सूचना

प्रकाशित मिति: २०८०/०६/२५

यस गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)को शाखा कार्यालय इटहरी बाट तपाई ऋणीले कर्जा लिनु भएकोमा उक्त कर्जाको लिखत बमोजिम यस वित्तीय संस्थामा बुझाउनु पर्ने मासिक किस्ता लगायतका अन्य रकम समेत नबुझाई ऋण कर्जा सम्बन्धी शर्त एंव बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा तपाईलाई पटक पटक लिखित, मौखिक तथा घर ठेगानामा समेत आई तरताकेता गर्दा समेत सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले सो ऋण कर्जाको सम्पुर्ण रकम चुक्ता भुक्तान गर्न आउनु हुन सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानी बस्ने समेतको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५(पैतिस) दिन भित्र तपाईले यस वित्तीय संस्थामा सम्पर्क राखी उक्त ऋण कर्जाको सम्पुर्ण रकम अविलम्ब चुक्ता भुक्तान गर्नु होला अन्यथा संस्थाको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ एवं प्रचलित कानून बमोजिम वा अन्य कुनै ब्यवस्था गरी यस संस्थाको लेना रकम असुल उपर गरिने तर्फ कारवाही गरिने र उक्त कर्जा असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताको चलअचल जायजेथा सम्पत्तिबाट असुल उपर गरिने ब्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्तालाई सूचित गरीन्छ । साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी तथा जमानीकर्ताको नाम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचिमा समावेश गरिने ब्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

तपसिल

क्र.श	ऋणीको विवरण	व्यक्तिगत जमानीकर्ता
१.	नाम : चित्र बहादुर कार्की ठेगाना : धनकुटा जिल्ला ताङखुवा गा.बि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. १६ बस्ने बाबु : सेर बहादुर कार्की बाजे : कविराज कार्की ना.प्र.नं. ९१७६/२०८५ मिति : २०४०/०७/२९ जि.प्र.का. धनकुटा कर्जा : हायरपर्चेज	१. नाम : कल्पना कार्की ठेगाना : धनकुटा जिल्ला ताङखुवा गा.बि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. १६ बस्ने बाबु : पदम भण्डारी ससुरा : सेर बहादुर कार्की पति : चित्र बहादुर कार्की ना.प्र.नं. १८२९/४०८ मिति : २०५६/०६/१९ जि.का. धनकुटा

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

केन्द्रिय कार्यालय
हात्तीसार, काठमाण्डौं, पो.ब.नं. ८८६७,
फोन: ४५४४०३९, फ्याक्स: ४५४३४१४
इमेल: info@goodwill.net.np

शाखा कार्यालयहरु

डिल्लीबजार	इन्द्रचोक	भक्तपुर	कुमारीपाटी	त्रिपुरेश्वर	नयाँबजार	ईटहरी, सुनसरी	विर्तामोड	नेपालगंज
४४२२२९०	५३२९५५४	६६२००६७	५४०८६९०	५३३१५३३	५९१०७३८	०२५-५८७०५१	०२३-५३०५४८	०८१-५३२०५६
घोराही, दाङ्ग	ईलाम	फिदिम	बुटवल	बर्दिबास	धनगढी	नवलपुर	गैंडाकोट	भैरहवा
०८२-५६३३५०	०२७-५२०९४५	०२४-५२१०६८	०७१-५३७२८२	०४४-५५०१०२	०९१-४१७३५७	०४६-५७००६०	०७८-५०१४११	०७१-५९०९६३

GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL

Invitation for Bids

Raskot Municipality, Kalikot

Date of publication: 2023/10/12

1. Raskot Municipality, Kalikot invites open competitive bidding from the eligible Nepalese bidders (suppliers or authorized dealer) for the procurement mentioned below: for detail information visit PPMO's Web site: www.bolpatra.gov.np./egp
2. Bidder has to submit their bid electronically only and may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Information to deposit the cost of bidding fee in Bank:

   Name of the Bank: Global IME Bank, Raskot — Name of Office : Raskot, Municipality

   Account Name: Aantarik Rajaswa khata, Raskot — Account number: E204010000009
4. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 2023/11/10 at 12 noon. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2 PM on 2023/11/10 at the office of Raskot Municipality, kalikot. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security. The details of bid securities of different packages are listed in table below.
6. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Any provision which are not mentioned in this notice will be consistent with public procurement act (PPA), 2063/ public procurement regulation (PPR), 2064 and other prevailing Nepalese laws.
9. All the rights whether to accept or reject the bid partially and fully are reserved to Raskot Municipality, Kalikot.

Description of Work	Estimated Amount, NRs (without VAT)	Bid Security Amount (NRs.)	Bid validity period/ Bid security period/ Bid security fee
1. Supply, delivery and unloading of Construction Materials for Bangri Kulo Irrigation system upto Store at Raskot Municipality-09, kalikot (IFB No. : RM/080-81/GOODS/NCB-01)	2,888,504.14	75000.00	90days/120days/ NRs.3000
2. Supply, delivery and unloading of Construction Materials for Bhir Kulo Irrigation system upto Store at Raskot Municipality-04(Mathilo Syuna), Kalikot (IFB No. : RM/080-81/GOODS/NCB-02)	2,613,222.45	70,000.00	90days/120days/ NRs.3000
3. Construction of Chettadi Irrigation Canal at Raskot-1, Chettadi including supply, delivery of all construction materials and required tools as per design and Drawing. (IFB No: RM/080-81/IRI/WORKS/NCB-01)	4,555,923.30	130000.00	90days/120days/ NRs.3000